# देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं प्रदेश, नेपाल

## ठेक्का बोलपत्र आव्हानको सूचना
### प्रथम पटक प्रकाशित मिति २०७७/०५/०९

यस कार्यालयबाट आ.ब.२०७७/०७८ का लागि आन्तरिक आंय अन्तर्गत तपसिल बमोजिमको सटर भाडा असुली कार्य ठेक्का बन्दोवस्तद्वारा संकलन गर्नुपर्ने भएको हुँदा इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तपसिलका शर्त बन्देजका अधिनमा रही बोलपत्र फाराम देवानगञ्ज गाउँपालिकाबाट खरिद गर्न र १६ औं दिनको १२:०० बजेभित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सिलबन्दी बोलपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | रा.आ.ठे.नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक प्रति सटर | बोलपत्र फारम दस्तुर पछि फिर्ता नहुने गरी | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/०७७/०७८ | सटर भाडा, देवानगञ्ज-४, सनुसरी | २,०००/० | १,०००/०० | |

**शर्त तथा बन्देजहरु**

१. सटर भाडा असुली सम्वन्धी दररेटहरुको विवरण तथा ठेक्काप्ह्र सम्वन्धी थप शर्तहरु बोलपत्र फाराम साथ उपलब्ध गराईने छ । ठेक्का सम्बन्धी थप जाकारी यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी जानकारी लिन सकिनेछ र यो सूचना कार्यालयको वेवसाइट WWW.dewanganjmun.gov.np मा पनि राखिएको छ ।

२. ठेक्का अवधि २०७७/०५/०१ देखि २०८२/०५/३० सम्म कायम हुनेछ ।

३. बोलपत्रदाताले सिलबन्दी खामको वाहिरपट्टि ठेक्काको विवरण, बोलपत्रदाताको नाम, ठेगाना प्रष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ ।

४. रित नपुगी वा म्याद नाघि आएको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्रहरु उपर कुनै कारवाही हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. कबोल गरेको अंकको दररेट अंक र अक्षरमा प्रष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. अंक र अक्षर काटी पुनर्लेखन गर्नुपर्ने भएमा काटेको स्थानमा बोलपत्रदाताले अनिवार्य हस्ताक्षर गर्नुपर्नेछ ।

७. फाराम दर्ता गर्दा आफुले कबुल गरेको दररेटबाट कम्ह्र नहुने गरी धरौटी रकम वापत एकमुष्ट रु.१,००,०००।- यस गा.पा.को नाममा **एन.आइ.सि.एशिया** बैंक इनरुवा शाखामा रहेको धरौटी खाता २४३CA५००२१९१७००२ मा नगद धरौटी रकम जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ ।

८. एक व्यक्ति वा फर्मको नाममा खरिद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाउने छैन ।

९. बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको समय, स्थान र मितिमा बोलपत्र खोलिनेछ ।

१०. तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा बोलपत्र पेश गर्दा राखिएको धरौटी रकम जफत गरिनेछ । सो मा कुनै किसिमको दावी उजुरी गर्न पाइने छैन ।

११. कबोल गरेको भाडा रकम प्रत्येक महिनाको मसान्त भित्र गा.पा. कार्यालयमा वा गा.पा. कार्यालयले तोकेको बैंक खातामा दाखिला गरि सक्कलै भौचर गा.पा. कार्यालयमा बुझाउनु पर्नेछ ।

१२. ठेक्का वा भाडा उठाउन नेपाल सरकारबाट रोक लगाइएमा सोही बमोजिम हुनेछ ।

१३. यस कार्यालय वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जनुसुकै बखत पनि ठेक्का तोडी अन्य व्यवस्था गर्न सकिनेछ । यसरी ठेक्का तोडी अन्य व्यवस्था गर्दा पर्ने थप व्ययभार वा क्षति ठेकेदार स्वयम्ले व्यहोर्नुपर्नेछ ।

१४. बोलपत्र स्वीकृत भई सो को जानकारी प्राप्त भएको ७ (सात) दिनभित्र सम्झौता गरिसक्नु पर्नेछ । उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडी बढाइनेछ ।

१५. कबोल गरेको अंक रकम सम्झौता गर्दा नै एकमुष्ट बुझाएमा कबोल अंकको १० प्रतिशत छुट दिइनेछ ।

१६. धरौटी वापत जम्मा गरिएको रकम किस्ता वा एकमुष्ट बुझाउने रकममा समायोजन गर्न पाइनेछैन ।

१७. बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण कर छुट वा मिनाहा दिइने छैन ।

१८. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नुपर्ने आयकर, मु.अ.क. लगायतका कर दस्तुर आदि सम्पूर्ण बुझाउने रकम यस कार्यालयमा सम्बन्धित ठेकेदारले दाखिला गर्नुपर्नेछ ।

१९. ठेकेदारले अनिवार्य रुपमा ठेक्का क्षेत्रभित्रका बजार सरसफाई कार्य सम्बन्धित वडा कार्यालयको सल्लाहा बमोजिम र समन्वयमा आफैले गराउनु पर्नेछ ।

२०. ठेकेदारले आफुलाई चाहिने फर्निचर समान, जनशक्ति कुनै कसैलाई दिएको चन्दा आर्थिक सहायता आदि सबै बन्दोबस्ती आफैंले मिलाउनु पर्नेछ र पछि कुनै दाबी गर्न पाइनेछैन । भाडा लागेको सटरको टुटफुट वा कोठाको क्षति भएको खण्डमा भाडावाला स्वयमले व्यहोर्नु पर्ने छ ।

त्रिलोचन पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

२१. यो ठेक्का सम्झौता कार्यालयले जुनसुकै वेला पनि रद्द गर्न सक्नेछ । त्यसको लागि ३५ दिन अगावै सम्वन्धित व्यक्ति/पसललाई जानकारी दिइने छ । दोश्रो पक्षले ठेक्का सम्झौता तोड्न चाहेमा कम्तीम ३ महिना अगावै कार्यालयलाई लिखित जानकारी दिनु पर्ने छ ।

२२. यो ठेक्का सम्झौता बमोजिम प्रत्येक आर्थिक वर्षमा १० प्रतिशतले भाडा वृद्धि हुनेछ ।

२३. ठेक्का चलान गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्वारा समाधान गरिनेछ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र सो मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२४. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहति) तथा नियमावली २०६४ (संशोधित सहति) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ ।

..................................
त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

त्रिलोचन न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत